


# सिमान्तकृत मानिसहरूको सशक्तीकरणमा

# सामाजिक परिवार

| अंक - ११ | भाद्र २०६७ | पेज १ |
|---|---|---|

समग्र बुलेटिन


## गाविसस्तरीय अन्तरक्रिया कार्यक्रम

समग्रको पाँचवर्षे तयनीतिक कार्ययोजना २०६६ - ७० कार्यान्वयनको प्रथम वर्ष पूरा भई दोस्रो वर्ष शुरुआत भएको छ । यस वर्षको योजनामा हाल परिचालित ७० गाविसका ३०० सामाजिक परिवारहरूको सशक्तीकरणलाई बढी गुणस्तरयुक्त बनाउने क्रममा हरेक गाविसमा अन्तरक्रिया शुरू गरिएको छ । यी अन्तरक्रिया भेलाले आफ्नो गाविसमा रहेका सा.प.हरूलाई परिचालनमा सहयोग पुऱ्याउनका लागि स्वयम्सेवक पनि छानेका छन् ।

सिराहा जिल्लाको श्री राममहन्ती निम्न माध्यमिक विद्यालय, सीतापुरमा भएको अन्तरक्रिया कार्यक्रममा त्यस गाविसभित्रका दुर्गा, मिलन, श्रीराम, दलित मिलन, जमराम, पाचुनाथ, जनचेतना गरी ७ सामाजिक परिवारका महिला ३७ र पुरुष २३ गरी ६० जनाको सहभागिता थियो । सो अन्तरक्रियामा सामाजिक परिवारले सञ्चालन गरेका गतिविधिहरू



प्रस्तुत गर्नुका साथै आगामी दिनमा निभाउनुपर्ने भूमिकाको बारेमा छलफल भयो । सो भेलाले सीतापुरका सामाजिक परिवारहरूलाई सहयोग गर्नका लागि १ जना स्वयंश्सेवक छनोट गर्ने कार्य गऱ्यो । जसमा मन्जोर कुमारी राम, सीतापुर-३ र वैकल्पिकमा रामचन्द्र राम सीतापुर-७ छन् । सामाजिक परिवारलाई संस्थागत गरी स्थानीय समस्या हल गर्न नेतृत्वदायी भूमिका खेल्नेसमेत भेलाले प्रण गरेको छ ।

त्यसै गरी श्री राष्ट्रिय जनता प्रावि भङ्गाहा, सप्तरीमा भएको गाविसस्तरीय सामाजिक परिवारहरूको



भेलामा त्यस गाविसमा क्रियासील दलित जागरण, चन्द्रभोगा 'क' र 'ख', सम्झना, लालिगुराँस र दलित आदर्श गरी ६ वटा सामाजिक परिवारहरूका १५० जना (जसमध्ये ११७ जना महिला) सहभागी भए । सहभागीहरूले सामाजिक परिवार गठनपछि धेरै परिर्वतन आफूहरूले पाएको तर स्रोत/साधनको कमीले गर्दा धेरै आकारमा अभियान सञ्चालन गर्न नसकिएको गुनासो व्यक्त गरे ।सो भेला दलित आदर्श सापका अध्यक्ष अनिरुद्रप्रसाद मण्डलको अध्यक्षतामा र समग्रका महासचिव दुर्गादत्त घिमिरेको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । जसमा समग्रका साधारण सदस्य पनाई सदाले समग्रले शुरू गरेको सिमान्तकृत मानिसहरूको सशक्तीकरण अभियान प्रभावकारी भएको विचार व्यक्त गरे । सो भेलाले भङ्गहा गाविसभित्रका सा.प.हरूलाई सघाउन चन्द्रदेव राम र वैकल्पिकमा भूपनारायण रामलाई स्वयम्सेवकको रूपमा छनोट गऱ्यो ।

त्यस्तै उदयपुर जिल्लाको जोगीदहको वडा नः-२ स्थित रामजानकी सामुदायिक वन उपभोक्ता समूहको सभा-भवनमा जोगीहदहका ३ वटा सामाजिक परिवारका सदस्यहरूको भेला सम्पन्न भयो । सो भेलामा लक्ष्मी महिला र कोपिला उपकार सापहरूमा ३० जना सहभागीहरू उपस्थित भए । वर्षा र बाली लगाउने व्यस्त समयले गर्दा अन्य ४ वटा सापको उपस्थिति हुन सकेन । त्यसैले फेरि अर्को भेला गर्ने गरी सो भेला सम्पन गरियो । यसै गरी अन्य गाविसहरूमा अन्तरक्रिया भेला गर्ने क्रम जारी छ ।

## फिल्ड भ्रमण तथा क्षेत्रीय बैठक र कर्मचारीहरूसँग अन्तरक्रिया

आवधिक अनुगमन तथा सहभागितामूलक कार्यक्रम समीक्षा र कार्ययोजना निर्माणका क्रममा कार्यसमिति तथा केन्द्रीय कार्यालयका कर्मचारीहरुबाट पहाडी र तराईका जिल्लाहरूको भ्रमण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । महासचिव र कार्यकारी निर्देशकबाट गोरखा जिल्लाको पृथ्वीनारायण नगरपालिकाअन्तर्गत मसारका जनजागरण



सामाजिक परिवार र सहकारी संस्थाका प्रतिनिधिहरूसँग अन्तरक्रिया गर्नुका साथै गोरखा, धादिङ र लमजुङमा कार्यरत कर्मचारीहरूसँग तीनै जिल्लामा सञ्चालित गतिविधिहरूका बारेमा समीक्षा तथा फिल्डको अनुगमन सम्पन्न गरियो । त्यसै गरी महासचिव तथा कार्यक्रम अधिकृत



तराईका सिराहा, सप्तरी र उदयपुरको फिल्ड भ्रमण सम्पन्न गरी क्षेत्रीय कार्यालय, लहानमा आयोजित क्षेत्रिय समीक्षा बैठकमा सहभागी हुनुभयो । बैठकमा वार्षिक कार्यक्रमको समीक्षा तथा सामाजिक परिवारको वस्तुस्थितिका बारेमा पालैपालो सबै सहभागीहरूले आ-आफ्ना विचारहरू प्रस्तुत गरे । बैठकमा क्षेत्रीय संयोजक दुर्गाप्रसाद महतो, जिल्ला उत्प्रेरकहरू रामप्रसाद चौधरी, अरुणकुमार चौधरी, उत्प्रेरकहरू चन्द्रदेव राम, प्रेमकुमारी थापा, अशोक सदा, राजकुमार लामा, कार्यक्रम अधिकृत अमरसिहं अधिकारी र महासचिव दुर्गादत्त घिमिरे सहभागी थिए ।

## तेस्रो तयनीतिक साझेदारी बैठक

समग्रको तयनीतिक सझेदारहरूको तेस्रो बैठक यसको केन्द्रीय कार्यालय, काठमाडौंमा यही श्रावण २६ गते सम्पन्न भएको छ । समग्रका अध्यक्ष बालकृष्ण लाल जोशीको अध्यक्षतामा बसेको उक्त बैठकमा आ.व. २०६६/६७ को बजेटसहितको प्रगति, वार्षिक अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन र आ.व. २०६७/६८ को योजना तथा बजेट प्रस्तुत गरी छलफल गरिएको थियो । डेनिडाह्युगोका कार्यक्रम संयोजक लार्स पी. क्रिस्टेन्सेनले सामाजिक परिवारको माध्यमबाट आधारभूत तहका सिमान्तकृत मानिसहरूको विकास तथा सशक्तीकरणका लागि जुन नौलो तरिकाले कार्य गरिरहेको छ त्यसप्रति खुसी व्यक्त गर्दै यस वर्ष सामाजिक परिवारहरूको गुणस्तरीय सबलीकरणमा केन्द्रित रहने योजनामा आफ्नो ऐक्यबद्धता जनाउनुभयो । त्यसै गरी डाबर नेपालका डा. पङ्कज रातुरीले नेपालमा कृषिमा बढी महिलाहरू संलग्न भएका र उनीहरू



बढी मूल्य आउने जडिबुटीजस्ता बालीहरूको खेती गर्न सिकाइ त्यसमा संलग्न गर्न सकिएमा तिनीहरूको जीवनस्तर माथि उठ्न मद्दत पुग्नेछ । समग्रले सामाजिक परिवारमार्फत गाउँका गरिब मानिसहरूलाई परिचालन गरेकोमा खुसी व्यक्त गर्दै डाबर नेपाल ती गरिब नेपालीहरूको उन्नतिका लागि समग्रसँग सहकार्य गर्न तयार रहेको विचार व्यक्त गर्नुभयो । डेनिडाह्युगोका सल्लाहकार मुकुन्द कट्टेल, समग्रका कार्यकारी निर्देशक डोरनाथ न्यौपानेलगायत अन्य सहभागीहरूले आफ्नो सुझाव/प्रतिक्रिया तथा जानकारीहरू प्रस्तुत गरेपछि समग्रका कार्यसमिति सदस्य डा. छेकी शेर्पाको धन्यवाद मन्तव्यसहित बैठक सम्पन्न भएको थियो ।

## गतवर्षको कार्यक्रमबाट भएका केही मुख्य उपलब्धिहरू

- मानवअधिकार अनुगमनको तालिम पाएपछि, समग्रका कर्मचारी र कार्यकर्ताहरूले जिल्ला तथा सामाजिक परिवार स्तरमा व्यवस्थित रूपमा मानवअधिकारको अनुगमन गर्न थालेका छन् । अन्य मानवअधिकार संस्थाहरूसँग मिलेर समग्रले सार्वजनिक गर्न थालेपछि जिल्लामा समग्र मानवअधिकार सम्बन्धित काम गर्ने संस्थाको रूपमा चिनिन थालेको छ । समग्रका पूर्वाञ्चल क्षेत्रिय संयोजक दुर्गा प्रसाद महतोलाई सन् २००९ को सिराहा जिल्लाको सर्वोत्कृष्ट मानवअधिकारकर्मीको रूपमा सम्मान गरिएको छ ।
- समग्रले गरेको नियमित सामाजिक लेखाजोखा कार्यक्रमबाट यसको पारदर्शिता तथा जबाफदेहितामा अभिवृद्धि भएको छ जसले गर्दा सरोकारवालाहरूको समग्रप्रतिको विश्वास बढेको र अन्य संस्थाहरूलाई पनि यसबाट सिक्ने अवसर प्राप्त भएको छ ।
- काठमाडौंमा सञ्चालन गरिएको ‘नयाँ संविधान र समावेशीकरणका मुद्दाहरू’ विषयक राष्ट्रियस्तरको अन्तरक्रिया कार्यक्रममा विभिन्न जिल्लाहरूबाट आएका ६० जनाभन्दा बढी सामाजिक परिवार प्रतिनिधिहरू सहभागी भई आफ्ना मुद्दाहरू तथा समुदाय तहमा आफूले भोगिरहेका समस्याहरू संविधानसभाका



सदस्यहरू, अधिवक्ता, पत्रकार तथा अन्य विज्ञहरूसमक्ष राखे । यस अन्तरक्रिया कार्यक्रमले नयाँ संविधानमा समावेश गर्नु पर्ने स्थानीय मुद्दा



मिलन सामाजिक परिवार, सीतापुर, सिराहा

तथा आवाजहरूको पहिचान गरी माथि ल्याउन सघाउ पुऱ्याएको छ । त्यहाँ उठेका मुद्दाहरूलाई संविधानसभामा उठाएर छलफल गर्ने प्रतिबद्धता संविधानसभा सदस्यहरूले गरे ।

- सामाजिक परिवार सशक्त भएका समुदायहरूमा जातीय विभेद निकै कम भएका छन् र कतिपय ठाउँहरूमा त उन्मूलन नै भएका छन् । जस्तै: खोप्लाङ्ग गाविसको अन्नपूर्ण, मिलिजुलि तथा मिरमिरे सापहरूमा त अन्तरजातीय विवाह नियमित चलन नै जस्तो भएको छ । त्यसै गरी दलितहरूलाई अन्य व्यक्तिहरूसँग मन्दिरमा प्रवेश गरी पूजा गर्न दिन थालिएको छ । विभिन्न जिल्लामा सशक्त भएका सापहरूले आफैं जातीय विभेदविरूद्ध ५० भन्दा बढी जनचेतना अभियानहरू सञ्चालन गरेका छन् ।
- सामाजिक परिवारको मद्दतले द्वन्द्वको कारण विस्थापित भएका मानिसहरू लाई आफ्नो गाउँ, घर फर्केर सामान्य जीवन यापन गर्न सक्ने वातावरण तयार भएको छ र केही फर्किका पनि छन् । जस्तै: यस वर्ष (पहाडका ५ र तराईका ६ गरी यस्ता ११ परिवार रहेका छन्) । सामाजिक परिवारमा भएको सामाजिक सहिष्णुता र सद्भावको कारणले सामाजिक परिवारहरू रहेका तराई-मधेसका ठाउँबाट पहाडीयाहरू लखेटिएका छैनन् ।
- कार्यसमिति सदस्यहरूलगायत तराईका सामाजिक परिवार सदस्यहरूले पहाडी क्षेत्र तथा काठमाडौंको अवलोकन भ्रमणको क्रममा पहाडका साप सदस्यहरू, संविधानसभा सदस्यहरू र अन्य विज्ञहरूसँग अन्तरक्रिया गर्ने

अवसर पाए । यस्तो अवलोकन भ्रमणले उनीहरू बीच नयाँ कुराहरू देख्ने सिक्ने मात्र नभएर मधेसी र पहाडीहरूबीचको सद्भाव अभिवृद्धि गरी तिनीहरूबीचको दूरी कम गर्न मद्दत पुगेको छ ।

- मानिसहरू अपहरण परेका अवस्थामा संस्थाले शुरू गरेका वकालत तथा सञ्जालका प्रयासबाट ती व्यक्तिहरू छुटेर तिनको ज्यान जोगिएको र मानवअधिकारको संरक्षण भएको छ ।
- समाजिक परिवारहरूको सशक्तीकरणको समष्टिगत प्रभावस्वरूप नेतृत्व विकास भई यस वर्ष १५७ जना व्यक्तिहरू स्थानीयस्तरमा नेतृत्व तहमा पुगेका छन् जसमध्ये १०४ जना महिला, ५७ जना दलित, ४५ जना आदिवासी जनजाती र २ जना मुस्लिम छन् ।
- सशक्तीकरणको फलस्वरूप सामाजिक परिवारहरूले निम्नानुसारका अधिकारहरू / साधनश्रोतहरू दाबी गरी परिचालन गर्न सफल भएका छन्:
    - o व्यक्तिगत घटना दर्ता : ८६१
    - o दलित तथा जनजातिका बालबालिकाहरूले छात्रवृत्ति प्राप्त गरेको: १,२५३ जना
    - o नागरिकता प्रमाणपत्र प्राप्त गरेको : २३७ जना
    - o वृद्ध तथा विधवा भत्ता प्राप्त गरेको: ८०७ जना
    - o सीप विकास तालिम: ३९७ जना, रु. ४,७६,४०० बराबरको
    - o स्थानीय पूर्वाधार निर्माण: रु. ३,३८,३१,३०० बराबरको
    - o मानवअधिकार र द्वन्द्व रूपान्तरणको तालिम: ७१ जना
    - o जीविकोपार्जन तथा सामाजिक-आर्थिक विकाससँग सम्बन्धित कुराहरू: रु. ५५,५०,८८० बराबरको (यो प्राप्त गर्ने अधिकाश मानिसहरू दलित, आदिवासी-जनजाति, महिला तथा अन्य सिमान्तकृत मानिसहरू छन् ।)

## गरिबी निवारण कोषको कार्यक्रम-क्षेत्रको अवलोकन भ्रमण

गरिबी निवारण कोषले जिविससहित साझेदार संस्थाहरूका लागि आयोजना गरेको समुदायमा सञ्चालित साझेदारी कार्यक्रमक्षेत्रहरूको अवलोकन भ्रमणमा समग्रको टिम पनि सहभागी भयो । समग्रका महासचिव दुर्गा घिमिरे र केन्द्रीय तथा धादिङ जिल्लाका कर्मचारीहरू सहभागी भएको उक्त दुइ दिवसीय भ्रमणको पहिलो दिन मकवानपुर जिल्ला, हाँडीखोला गाविस-८ रुन्चेगाउँमा र चितवन जिल्ला, करैया गाविस, करैयामा रहेका समूहहरू तथा तिनको सफल क्रियाकलापहरूको अवलोकन गर्ने र जानकारी लिने कार्य भएको थियो । त्यसै गरी दोस्रो दिन चितवनकै पटिहानी गाविसका विभिन्न ठाउँमा गठित समूहहरूसँग अन्तरक्रिया गरी तिनको कार्यको अवलोकन गरिएको थियो । अवलोकन तथा अन्तरक्रियाका क्रममा त्यहाँ



खानेपानी ट्याङकी निर्माणपछि थप सहयोग भई खानेपानी र थोपा सिँचाइ आयोजना सँगसँगै लागू भएको, सिँचाइले गर्दा किसानहरूको जीवनस्तर सुधार गर्न तरकारी खेतीले सहयोग गरेको छ । सामूहिक तरकारी खेतीबाट आम्दानी बढी समूहमा रहेका सुकुम्बासीहरूको जीवनस्तरमा व्यापक सुधार आएको, कतिपयले सानोतिनो व्यापार शुरू गरी आफ्नो परिवार पाल्न सक्षम भएको, विभिन्न पशुपालन गरी आम्दानी बढाइरहेको, आदि उपलब्धिको बारेमा जानकारी प्राप्त भएको थियो ।

सम्पर्कका लागि ठेगाना:
समग्र विकास सेवा केन्द्र, हस्पिटल मार्ग, चाबहिल, पो.व. नं. - १३२७८, काठमाडौं,
फोन नं. ४४६९६४९, इमेल: info@samagra-nepal.org.np, वेभसाइट: www.samagra-nepal.org